नेपाल सरकार

# युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. २०८२/८३

चलानी नम्बरः-

## प्रेस विज्ञप्ति।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत १३ गतेको निर्णयबाट स्वीकृत ***"शासकीय सुधारसम्बन्धी सय कार्यसूची"*** को बुँदा नं. ५९ बमोजिम देशमा रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई एकीकृत रूपमा सुदृढ गर्ने उद्देश्यले विद्यमान रोजगार सेवा केन्द्रलाई ६० दिनभित्र ***"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"*** का रूपमा रूपान्तरण गर्ने नीतिगत मार्गदर्शन प्राप्त भएको छ । सोही विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न माननीय युवा, श्रम तथा रोजगार मन्त्रीस्तरको मिति २०८२ चैत १९ गतेको निर्णयबाट मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र भूमि व्यवस्था, गरिबी निवारण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मातहतका निकायका प्रतिनिधि संलग्न रहेको उच्चस्तरीय समिति गठन गरिएको थियो। उक्त समितिले पेश गरेको प्रतिवेदनमा रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्धनका लागि सम्बन्धित मन्त्रालयले गर्नुपर्ने नीतिगत, संरचनागत, कार्यक्रमगत, व्यवस्थापकीय र सूचना प्रविधि प्रणाली सम्बन्धी कार्यहरु सिफारिस गरिएको थियो। सोही अनुरुप यस मन्त्रालयले ***"रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि"*** तर्जुमा गर्न आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित मन्त्रालय र निकायका प्रतिनिधि सम्मिलित मस्यौदा कार्यदलले पेश गरेको ***"रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि-२०८३"*** माननीय मन्त्रीस्तरको मिति २०८३ जेठ ६ गतेको निर्णयबाट स्वीकृत भई मिति २०८३/०२/११ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता भई कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाइएको छ।

यस कार्यविधिले स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई ***रोजगार, सीप तथा उद्यमशीलता केन्द्र***का रुपमा रुपान्तरण गरी स्थानीय तहले सञ्चालन र व्यवस्थापन गर्दै बेरोजगार दर्ता, सार्वजनिक रोजगार कार्यक्रम, स्थानीय श्रम बजार विश्लेषण, सीप तथा माग नक्साङ्कन, सीप विकास तालिम समन्वय, रोजगार परामर्श, जव म्याचिङ्ग, उद्यमशीलता प्रवर्द्धन तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनःएकीकरण सम्बन्धी सेवा एकद्वार प्रणालीमार्फत प्रवाह गर्ने व्यवस्था गरेको छ। हाल विभिन्न मन्त्रालय र निकायबाट सञ्चालन हुँदै आएको रोजगार, सीप विकास तथा उद्यमशीलता कार्यक्रम मार्फत संघ, प्रदेश र स्थानीय तहको समन्वयमा प्रभावकारी ढंगले एकीकृत रुपमा सेवा प्रवाह हुने अपेक्षा गरिएको छ।

रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी सेवालाई नागरिकोको नजिकमा रहेको स्थानीय तहको ***रोजगार, सीप तथा उद्यमशीलता केन्द्र*** मार्फत निजी क्षेत्रका रोजगारदाता तथा तालिम प्रदायक संस्था, ट्रेड युनियन तथा सम्बन्धित सबै सरोकारवालाहरुको सहकार्य र सहभागिताका लागि अनुरोध गरिन्छ।

२०८३ जेठ १२ गते, मंगलबार

ने.सं. ११४६, अनलाथ्व, दशमी

.............................

(पिताम्बर घिमिरे)

सहसचिव/प्रवक्ता